# बालसंसार प्रा.लि.

बालसाहित्य प्रवर्द्धनका लागि समर्पित

## परिचय

बालसाहित्य बालबालिकाका लागि बौद्धिक खुराक हो। बालबालिकाको व्यक्तित्व विकास गर्ने, चरित्र निर्माण गर्ने र उनीहरूलाई सिर्जनशील बनाउन बालसाहित्यको आवश्यकता दिनदिनै बढिरहेको छ। त्यसैले देशका लागि योग्य नागरिक तयार पार्न स्तरीय बालसाहित्यको विकास गरी बालबालिकाका सामु पुऱ्याउन आवश्यक छ। यही आवश्यकता पूरा गर्नका लागि बालसंसार प्रा.लि.को स्थापना भएको हो।

## उद्देश्यहरू

१ बालसाहित्यसम्बन्धी सामग्रीहरू श्रव्य-दृश्य तथा डिजिटल माध्यम र प्रविधिबाट उत्पादन तथा प्रवर्द्धन गर्ने।

२ बालसाहित्यसम्बन्धी कृतिहरू उत्पादन, प्रकाशन, प्रवर्द्धन तथा बिक्री वितरण गर्ने।

३ नेपाली र अन्य भाषाका बालसाहित्य अन्य भाषा र नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्ने।

४ विभिन्न माध्यमबाट बालपत्रिका उत्पादन, प्रकाशन, प्रवर्द्धन एवं बिक्री वितरण गर्ने।

५ बालसाहित्य सिर्जनाका विभिन्न सीपहरूसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने

६ बालसाहित्यसम्बन्धी अनुसन्धान गर्ने-गराउने र तत्सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने।

## लक्ष्यहरू

१. बालकथा, बालनाटक, बालएकाङ्की, बालगीत, बालकविता, बालनिबन्ध आदि बालसाहित्यका विभिन्न विधाका सामग्री, पुस्तक, श्रव्य र श्रव्यदृश्य माध्यमहरूमा नेपाली र नेपालका अन्य राष्ट्रिय भाषाहरूमा उत्पादन गरी बिक्री वितरण गर्ने।

२. नेपाली बालसाहित्यलाई नेपालमा राष्ट्रिय भाषाहरू र अङ्ग्रेजीमा अनुवाद गरी छापा तथा विभिन्न माध्यममा उत्पादन र बिक्री वितरण गर्ने।

३. नेपाका राष्ट्रियभाषा र विदेशी भाषाका बालसाहित्य नेपाली भाषामा अनुवाद गरी छापा तथा विभिन्न माध्यममा उत्पादन र बिक्री वितरण गर्ने।

४. नेपाली र राष्ट्रिय भाषाका बालगीत, बालनाटक, बालकथा सङ्कलन गरी क्यासेट र सी.डी. उत्पादन र बिक्री वितरण गर्ने।

५. बालसाहित्यका अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कृति तथा पुस्तकहरू प्रकाशन र बिक्री वितरण गर्ने ।

६. बालसंसार प्रा.लि.को वेबसाइट सञ्चालन गर्ने ।

७. विद्यालयसँग मिलेर विद्यालय कक्षाहरूमा बालकथा वाचन कार्यक्रम सञ्चालन गर्ने ।

८. विभिन्न सङ्घसंस्थासँग सम्पर्क राखी बालसाहित्य प्रवर्द्धनसम्बन्धी सहकार्य गर्ने ।

९. विभिन्न संस्था एवं व्यक्तिलाई आवश्यकताअनुसार बालसाहित्य सम्बन्धी परामर्श दिने ।

१०. बालसाहित्यसम्बन्धी सम्पादन, चित्राङ्कन, अनुवाद, अनुसन्धान आदि कार्यको सशुल्क सेवा उपलब्ध गराउने ।

**हालसम्म यस प्रा.लि.ले निम्न कार्यहरू सम्पन्न गरेको छ**

१. बालसाहित्यका विभिन्न विधाका २१ वटा पुस्तक प्रकाशित,

२. हाम्रा गीतको श्रव्य क्यासेट प्रकाशित,

३. विद्यालयहरूसँग मिलेर विद्यालय कक्षाहरूमा बालकथावाचन कार्यक्रम सम्पन्न,

४. सिविनसँगको सहकार्यमा बालबालिका तथा स्रष्टाहरूबीचको सहसिर्जना कार्यक्रम मिति २०६६ पुस ९ मा सम्पन्न,

५. सिविन र यस प्रा.लि.को सहकार्यमा **स्माइल प्लिज** कथासङ्ग्रहको श्रव्य क्यासेट प्रकाशित,

६. रूम टु रीडबाट हालसम्म प्रकाशित बालपुस्तकहरूको मूल्याङ्कन गरी प्रतिवेदन पेश,

७. म्युजिक नेपालसँग सहकार्यको थालनी ।


बालसंसार प्रा.लि.का पदाधिकारीहरू :

**अध्यक्ष :** विजय चालिसे, **प्रवन्ध निर्देशक :** तेजप्रकाश श्रेष्ठ


**संचालकहरू :** कपिलदेव लामिछाने, गङ्गादेवी कसजू, तेजप्रकाश श्रेष्ठ, ध्रुव घिमिरे, प्रमोद प्रधान, मनोजकुमार शर्मा, रामबहादुर पहाडी, रामबाबु सुवेदी, विजय चालिसे, विजयराज आचार्य र शशी प्रधान

सम्पर्क : बालसंसार प्रा.लि., पुतलीसडक, काठमाडौँ, खुशीलपु गल्ली (शंकरदेव क्याम्पस अगाडि)

फोन : ०१ ४२६७६३३, Email: balsansar@wlink.com.np

# बालसंसार प्रा.लि.द्वारा प्रकाशित पुस्तकहरू

### **विश्वका बालकथा** (**बालकथा सङ्ग्रह - १**)




सम्पादक : विजय चालिसे

चित्र : रविन कोइराला र सुदनकुमार सिंह

पृष्ठ : १००, मूल्य : रू. १००।-

ISBN : 978-9937-8175-1-6


यस सङ्ग्रहमा विभिन्न देशका विश्वप्रशिद्ध साहित्यकारका १७ वटा बालकथा तथा लोककथाहरू समेटिएका छन् । ती बालकथाहरू नेपालीका सिद्धहस्त सातजना बालसाहित्यकारहरूद्वारा अंग्रेजी र हिन्दी भाषाबाट नेपालीमा अनुवाद गरिएका हुन् । ती बालकथाहरू सरल भषामा अनुवाद गरिएकाले स्वादिला र रसिला पनि छन् । यो पुस्तक लगभग ९–१२ वर्ष उमेर समूहका बालबालिकालाई ध्यानमा राखी तयार पारिएको हो ।

### **हाम्रा प्रेरणा** (**बालजीवनी सङ्ग्रह - १**)

सम्पादक : तेजप्रकाश श्रेष्ठ


पृष्ठ : ९६, मूल्य : रू. १००।-

ISBN : 978-9937-8175-2-3




बालजीवनी बालसाहित्यको एउटा महत्त्वपूर्ण विधा हो । विभिन्न क्षेत्रमा ख्याति कमाएका असल मानिसहरूका जीवनी बालबालिकाका लागि प्रेरणाका स्रोत हुन् । यस सङ्ग्रहमा सरल भाषा र शैलीमा विभिन्न लेखकले लेखेका नेपालका विभिन्न क्षेत्रमा ख्याति कमाएका २१ व्यक्तित्वहरूको जीवनी समावेश छन् । यी जीवनीहरू स्वादिला र रसिला छन् । यो पुस्तक लगभग ९-१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको छ ।

### **हाम्रा कथा** (**बालकथा सङ्ग्रह - १**)




सम्पादक : विनय कसजू

चित्र : एकाराम सिंह

पृष्ठ : १०४, मूल्य : रू.१००।-

ISBN : 978-9937-8175-3-0

यस सङ्ग्रहमा नेपालका अघिल्लो पुस्तका बालसाहित्यकार रमेश विकलदेखि पछिल्लो पुस्ताका सौरभ किरण श्रेष्ठसम्मका २२ जना बालकथाकारहरूले सरल भाषा र शैलीमा रचना गरेका बालकथाहरू समावेश छन् । यो सङ्ग्रह मूलत ८–१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको छ ।


## हाम्रा एकाङ्की (बालएकाङ्की सङ्ग्रह - १)

सम्पादक : ध्रुव घिमिरे

चित्र : रविन कोइराला र सुदनकुमार सिंह


पृष्ठ : १०० मूल्य : रू. १००।-

ISBN : 978-9937-8175-0-9




यो सङ्ग्रहमा सरल भाषा र शैलीमा नेपालका ख्यातिप्राप्त १५ जना साहित्यकारद्वारा रचिएका  बालएकाङ्कीहरूसमावेश गरिएका छन्। मूलतः ८-१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको यस सङ्ग्रहले एकाङ्की प्रदर्शन गर्न रूचाउने विद्यालय वा संस्थाहरूलाई पनि सघाउने छ।

## अविरल बग्दछ इन्द्रावती (बालसंस्करण उपन्यास)




लेखक : रमेश विकल

बालसंस्करणकर्ता : तेजप्रकाश श्रेष्ठ

चित्र : उमेश श्रेष्ठ

पृष्ठ : ११६ मूल्य : रू. ११०।-

ISBN : 978-9937-8175-4-7

यो उपन्यासको मूल लेखक वरिष्ठ साहित्यकार रमेश विकल हुन्। बालबालिकाले पनि यो अमर कृति सजिलै पढ्न पाउन् भन्ने उद्देश्य लिएर बालसंस्करणको रूपमा प्रकाशित गरिएको हो। मूलतः यो बालसंस्करण १०-१४ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको छ। नेपालमा उत्कृष्ट कृतिहरूलाई बालसंस्करणको रूपमा प्रकाशन गर्ने सम्भवतः यो पहिलो प्रयास हो।


## हाम्रा गाउँ खाने कथा

सङ्कलक र सम्पादक : कपिल लामिछाने

चित्र : उमेश श्रेष्ठ


पृष्ठ : ४०, मूल्य : रु. ६०।

ISBN : 978-9937-8175-6-1




गाउँखाने कथा लोकसाहित्यको एउटा सशक्त विधा हो। हाम्रा गाउँघरमा विभिन्न अवसरमा गाउँखाने  कथा भन्ने चलन व्यापक छ। गाउँखाने कथाको प्रयोगबाट मनोरञ्जनका साथै बुद्धिको विकास हुन्छ। बालबालिकालाई अति मनपर्ने विधा पनि हो गाउँखाने कथा। यो पुस्तकमा बालबालिकाका लागि बौद्धिक खुराकको रूप्मा सरल र रमाइला गाउँखाने कथाहरू चित्रसहित दिइएका छन्। यसमा ३१ विषयमा गाउँखाने कथा सङ्कलन गरिएका छन्। साथै गाउँखाने कथा र चित्रलाई मिलान गरी बुझ्ने अभ्यास गर्न थप गाउँखाने कथा र चित्र पनि दिइएका छन्। यो पुस्तक सबै उमेर समूहका बालबालिकाका लागि उपयोगी हुने विश्वास छ।

**कप्तान कुक (एक साहसी समुद्रयात्रीको कथा)**




लेखन र प्रस्तुति : विजय चालिसे


चित्र : ईशान परियार

पृष्ठ : ३२, मूल्य : रू. ५०।-

ISBN : 978-9937-8275-5-4

यो कथा आफ्नो ज्यान हत्केलामा राखेर साहसी समुद्रयात्रा गर्ने मान्छेको हो। यस पुस्तकमा जेम्स कुक नाम गरेका ती साहसी मान्छेले जस्तोसुकै दुःख र समस्या भोलेर पनि समुद्रको यात्रा गर्दै कोही नपुगेका नयाँ नयाँ ठाउँ पत्ता लगाएको कथा रोचक ढङ्गमा प्रस्तुत गरिएको छ। अधिकांश हाम्रा बालबालिकाले प्रत्यक्ष समुद्र नदेखेका भए पनि यस कथाले समुद्रको यात्रा-अनुभव गराउँदै बालबालिकामा साहसिक कार्य गर्न प्रेरणा र हौसला दिने छ भन्ने विश्वास लिइएको छ। मूलतः यो कथा ८-१२ वर्ष उमेर समूहका बालबालिकाका लागि तयार पारिएको हो।

**ऱ्याइँऱ्याइँ सारङ्गी (बालकविता सङ्ग्रह)**



लेखक : प्रमोद प्रधान


चित्र : योगेश खपाङ्गी

पृष्ठ : २८, मूल्य : रू.५०।-

ISBN : 978-9937-8175-7-8

यस सङ्ग्रहमा जम्मा २० वटा सरल, मीठा र लयात्मक बालकविता र गीतहरू समावेश गरिएका छन्। यसमा सङ्कलित बालकविताहरूले बालमस्तिष्कलाई महत्त्वपूर्ण र विशेष खुराक प्रदान गर्ने विश्वास गरिएको छ। मूलतः ६-१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी यो पुस्तक तयार पारिएको हो।

**स्माइल प्लिज (बालकथा सङ्ग्रह)**




लेखक : विनय कसजू


चित्र : ईशान परियार

पृष्ठ : १०४, मूल्य :रू. १००।-

ISBN : 978-9937-8212-1-6

बालकथा बालबालिकाका लागि बौद्धिक खुराक हो। यस सङ्ग्रहमा बालबालिकाका शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक विकासका विषयमा आधुनिक विज्ञान, प्रविधि तथा पात्रहरूको प्रयोग गरिएका मीठा, चोटिला र रसिला २२ बालकथा समावेश छन्। यो पुस्तक ७-१२ वर्ष उमेर समूहका बालबालिकाका लागि तयार पारिएको हो। यसमा संकलित कथाहरूको श्रव्य सीडी पनि उपलब्ध छ।

## हाम्रा लोककथा (बाललोककथा सङ्ग्रह - १)




सम्पादक : अमरकुमार प्रधान


चित्र : उमेश श्रेष्ठ

पृष्ठ : ९६, मूल्य: रू. १००।-

ISBN : 978-9937-8212-0-9

जनजीवनमा मौलाएका लोककथाहरू बालबालिकाका लागि रोचक र रोमाञ्चक हुनेगर्छ। बाललोककथाले बालबालिकालाई विभिन्न संस्कृति र परिवेश बुझ्न सघाउनका साथै जिज्ञासु र क्रियाशील तुल्याउँछ। यस सङ्ग्रहमा सरल भाषा र शैलीमा विभिन्न बालसाहित्यकारद्वारा पुनर्लेखन गरिएका १९ वटा नेपाली लोककथा समावेश छन्। यो पुस्तक खासगरी ७-१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको हो। लोककथाहरू रोचक, रोमाञ्चक र ज्ञानवर्द्धक छन्।

## विश्वका बालकथा (बालकथासङ्ग्रह - २)




सम्पादक : विजयराज आचार्य


चित्र : कीर्तिकिशोर जोशी

पृष्ठ : १००, मूल्य : रू. १००।-

ISBN : 978-9937-8212-2-3

यस सङ्ग्रहमा विभिन्न देशका विश्वप्रशिद्ध साहित्यकारका १९ वटा बालकथा तथा लोककथाहरू समेटिएका छन्। ती बालकथाहरू नेपालीका सिद्धहस्त सातजना बालसाहित्यकारद्वारा अङ्ग्रेजी र हिन्दी भाषाबाट नेपालीमा अनुवाद गरिएका हुन्। ती बालकथाहरू सरल भाषामा अनुवाद गरिएकाले स्वादिला र रसिला पनि छन्। यो पुस्तक लगभग ९-१२ वर्ष उमेर समूहका बालबालिकालाई ध्यानमा राखी तयार पारिएको हो।

## हाम्रा प्रेरणा (बालजीवनी सङ्ग्रह- २)





सम्पादक :प्रमोद प्रधान

पृष्ठ : ९६, मूल्य : रू. १००।-

ISBN : 978-9937-8212-3-0

बालजीवनी बालसाहित्यको एउटा महत्वपूर्ण विधा हो। विभिन्न क्षेत्रमा ख्याति कमाएका असल मानिसहरूका जीवनी बालबालिकाका लागि प्रेरणास्रोत हुन्। यस सङ्ग्रहमा सरल भाषा र शैलीमा विभिन्न लेखकले लेखेका नेपालका विभिन्न क्षेत्रमा ख्याति कमाएका २० व्यक्तित्वहरूको जीवनी समावेश छन्। यी जीवनीहरू स्वादिला र रसिला छन्। यो पुस्तक लगभग ९-१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको हो।

## Our Stories (Collection of Children's Stories)




Edited in Nepali by : Vinaya Kasajoo

Translated & Edited by : Ram Bahadur Pahari


Illustrator : Ekaram Singh

pages : 104, price : Rs.100

ISBN : 978-9937-8212-6-1

This is the collection of 22 Nepali stories collected in Hamra Katha Part I. These stories are very simple and give the test of original Nepali children's stories. These stories are targeted to the children of 8 to 12 years of age.

## हाम्रा कथा (बालकथा सङ्ग्रह २)




सम्पादक : गङ्गादेवी कसजू

चित्र : योगेश खपाङ्गी

पृष्ठ :१०४, मूल्य :रू. १००।-

ISBN : 978-9937-8212-5-4

यस सङ्ग्रहमा सरल भाषा र शैलीमा नेपालका २५ जना बालसाहित्यकारद्वारा रचिएका बालकथाहरू सङ्ग्रहित छन् । यो सङ्ग्रहमा नारी सर्जकहरूको सङ्ख्या उल्लेखनीय छ । यसमा पुराना पुस्तादेखि नयाँ पुस्तासम्मका बालसाहित्यकारका रमाइला र रोचक बालकथाहरू समावेश छन् । यो सङ्ग्रह मूलतः ६-१२ वर्ष उमेर समूहका बालबालिका लागि बढी उपयोगी छ ।

## उपमा मामाघरमा (बालचित्र कथा)




लेखक : रामबाबु सुवेदी


चित्र : एकाराम सिंह

पृष्ठ : ३२, मूल्य : रु. ५०।

ISBN M 978-9937-8175-9-2

यस चित्रकथामा एउटी सहरिया बालिका गाउँमा मामाको घरमा पुग्दा त्यहाँको गाउँले परिवेशमा रमाएको प्रशंग रोचक र ज्ञानवर्द्धक रूप्मा प्रस्तुत गरिएको छ । यस कथाबाट बालबालिकाले हराउँदै गएका पुराना मालसामानको पनि जानकारी लिन सक्छन् । यस कथाले समाजमा चलिआएका राम्रा परम्परालाई बिर्सन नहुने सन्देश पनि दिएको छ । यो कथा मूलतः ६-१२ वर्ष उमेरका बालकालिकाका लागि बढी उपयोगी छ ।

### हाम्रा गीत (बालगीत सङ्ग्रह)



सम्पादक : रामबाबु सुवेदी

चित्र : योगेश खपाङ्गी

पृष्ठ : ३२, मूल्य: रू. ५०।-


चित्र : एकाराम सिंह

पृष्ठ : ३२, मूल्य :रू. ५०।-

ISBN : 978-9937-550-00-0

यस सङ्ग्रहमा विभिन्न बालसाहित्यकारका जम्मा ८ वटा बालगीत नोटेसनसहित समावेश गरिएको छ । यस सङ्ग्रहमा परेका बालगीतको श्रव्य क्यासेट पनि उत्पादन भएको छ । यो सङ्ग्रह ६-१२ वर्ष उमेर समूहका बालबालिकाका लागि लक्ष्यित गरी तयार पारिएको छ ।

### लोखर्केको जिद्दी (बालचित्रकथा )



लेखक: विजय चालिसे


चित्र: उमेश श्रेष्ठ

पृष्ठ : ३६, मूल्य: रू.५०।-

ISBN : 978-9937-8175-6-1

यस बालचित्रकथामा एउटा चुलबुले सानो लोखर्केको जिद्दीले गर्दा दुःख पाएको कथा छ । ऊ साथीभाइहरूले भनेको कुरा पनि मान्दैन । आफै जिद्दी गरिरहन्छ । कथा रोचक र ज्ञानवर्द्धक छ । यो पुस्तक लगभग ६-१० उमेर समूहका बालबालिकालाई ध्यानमा राखी तयार पाएिको हो ।

### छोइ खेल्ने खेल (बालचित्रकथा)



लेखक : ध्रुव घिमिरे


चित्र : कीर्तिकिशोर जोशी

पृष्ठ : २८, मूल्य : रू. ४५।-

ISBN : 978-9937-8175-8-5

यस चित्रकथाबाट बालबालिकाले आफ्ना वरपरका जीवजन्तुका आफूजस्तै साना बच्चाहरूका क्रियाकलाप र एकअर्कालाई छुन दौडने वा छोएर भाग्ने खेलबाट मनोरञ्जन प्राप्त गर्न सक्छन् । यो पुस्तक लयात्मक रूप्मा प्रस्तुत गरिएकोले रमाइलो छ । पाँचसात वर्ष उमेर समूहका बालबालिकाका लागि यो पुस्तक उपयोगी छ ।

### हाम्रा एकाङ्की (बालएकाङ्की सङ्ग्रह २)




सम्पादक : विजय चालिसे


चित्र : ईशान परियार

पृष्ठ : १००, मूल्य : रू. १००।-

ISBN : 978-9937-8212-4-7

यस सङ्ग्रहमा सरल भाषा र शैलीमा सत्र जना बालसाहित्यकारद्वारा रचिएका बालएकाङ्कीहरू समावेश गरिएका छन्। मूलतः ८-१२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी तयार पारिएको यस सङ्ग्रहले एकाङ्की प्रदर्शन गर्न रूचाउने विद्यालय वा संस्थाहरूलाई पनि सघाउने छ।

### कर्मले बने बुद्ध (चित्रकथा)




लेखक : कपिल लामिछाने


चित्र : ईशान परियार

पृष्ठ : ३६, मूल्य : रू. ५५।-

SBN : 978-9937-8212-4-7

यस चित्रकथामा शान्ति अग्रदूत तथा राष्ट्रिय विभूति गौतम बुद्धको जीवन सरल सरस तरिकाले प्रस्तुत गरिएको छ। यसमा आफ्नो कर्मबाट नै बुद्ध बन्न सकिन्छ भन्ने सन्देश पनि दिन खोजिएको छ। विशेषतः यो चित्रकथा ९-१२ वर्ष उमेर समूहका बालबालिकाका लागि लक्ष्य राखी तयार पारिएको छ।

### भोका डमरुहरू (उत्पत्ति कथासङ्ग्रह)




लेखक : तेजप्रकाश श्रेष्ठ

चित्र : कीर्तिकिशोर जोशी

पृष्ठ : ४०, मूल्य : रू. ६०।-

ISBN : 978-9937-8212-8-5

यस सङ्ग्रहका बालकथाहरू विभिन्न किंवदन्तीका आधारमा तयार गरिएका छन्। नेपालमा विभिन्न आठ स्थानको उत्पत्ति सम्बन्धी रोचक र सरल रूपमा कथा उनिएका छन्। विशेषतः यो पुस्तक १०-१३ उमेर समूहका बालबालिकाका लागि लक्ष्य गरी तयार गरिएको छ। तैपनि सबै वर्गका पाठकका लागि पनि उपयोगी हुने विश्वास लिइएको छ।

7/28/2010